**प्रस्तावहरु :**

१. विगु गाउँपालिकाको विषयगत समितिहरु निर्माण गर्ने सम्बन्धमा ।
२. गाउँसभाको मिति तोक्ने सम्बन्धमा ।
३. प्राविधिक कर्मचारी (चौथो) हरुलाई वडाकार्यालय तथा अन्य सेवा केन्द्रहरुमा खटाउने सम्बन्धमा ।
४. रकमान्तरका सम्बन्धमा ।
५. प्राविधिक सीप विकास (ईलेक्ट्रीकल) तालिमको खर्च रकम भुक्तानीका सम्बन्धमा ।
६. आमा भुमरे छेपा भमरे आरोहणका लागि खरिद सामाग्रीहरुको भुक्तानी गर्ने सम्बन्धमा ।
७. गाउँपालिकाको सडक सरसफाई भएको खर्च भुक्तानी गर्ने सम्बन्धमा ।
८. बोलेरो चालक ज्यालादारीमा नियुक्ती गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा तपसिल बमाजिमका संयोजक तथा सदस्यहरु रहने गरि विषयगत समितिहरु निर्माण गरियो ।

तपसिल :

**विषयगत समितीहरु :**

क) पूर्वाधार विकास समिती
संयोजक : टहल बहादुर थामी
सदस्य : मैया नेपाली
सदस्य : काले शेर्पा
सदस्य सचिव : प्राविधिक शाखा प्रमुख

ख) आर्थिक विकास समिती
संयोजक : रामचन्द्र खड्का
सदस्य : ल्होक बहादुर नेपाली
सदस्य : छिरिङ वाङ्दे शेर्पा
सदस्य सचिव : कृषि शाखा प्रमुख

ग) सामाजिक विकास समिती
संयोजक : गोमा केसी
सदस्य : हिरा थामी
सदस्य : टलमाई तामाङ
सदस्य सचिव : शिक्षा शाखा प्रमुख

घ) वन, वातावरण तथा विपद व्यवस्थापन समिती
संयोजक : दल बहादुर श्रेष्ठ
सदस्य : मेम बहादुर तमाङ
सदस्य : मैया नेपाली

सदस्य सचिव : स्वास्थ्य शाखा प्रमुख

ङ) विधायन समिति

संयोजक : ढाल बहादुर तमाङ

सदस्य : टहल बहादुर थामी

सदस्य : ज्योतीमाया थामी

सदस्य सचिव : प्रशासन शाखा प्रमुख

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा विगु गाउँपालिकाको दोस्रो गाउँसभाको पहिलो अधिवेशन मिति २०७९ असार १० गते बस्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिकाभित्र नागरिकलाई नजिकबाटै सेवा प्रवाहको व्यवस्था मिलाउने प्रयोजनार्थ विगु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा रहेका चौथो तहका प्राविधिक कर्मचारीहरु (प्राविधि शाखा, कृषि तथा भेटेरेनरी शाखा) लाई वडाकार्यालयहरु तथा अन्य सेवा केन्द्रहरुमा खटाउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा चालु आ.व. २०७८।०७९ मा तपसिलका योजना तथा कार्यक्रमहरुको रकमान्तर गरि देहायबमोजिम योजना तथा कार्यक्रम कायम गराउने निर्णय गरियो ।

देहाय :

| क्र.सं. | हालको योजना तथा कार्यक्रम | बजेट | रकमान्तर गरि कायम गरिएको योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | ➢ स्थानीय पाठ्यक्रम निर्माण कक्षा ६-८<br>➢ विषयगत तथा तहगत शिक्षक तालिम | ➢ रु. २,५०,०००।-<br>➢ रु. १,५०,०००।- | खेलकुद सहभागिता प्रवर्द्धन तथा खेल सामाग्री व्यवस्थापन | रु. ३,३४,०००।- | |
| | | | कक्षा ८ को ग्रेडशिटको पेपर खरिद, छपाई तथा वितरण | रु. ६६,०००।- | |
| २. | विद्यालय सुधार योजना निर्माण | रु. १,००,०००।- | शैक्षिक कार्यपात्रो निर्माण | रु. १,००,०००।- | |
| ३ | लामाबगर स्वास्थ्यचौकी व्यवस्थापन तथा लप्ची शिविर | रु. ३,००,०००।- | लामाबगर स्वास्थ्यचौकी व्यवस्थापन | रु. ३,००,०००।- | वडा नं. १ |
| ४ | गाउँपालिका पार्श्व चित्र निर्माण | रु. ४,००,०००।- | गाउँपालिका वृत चित्र निर्माण | रु. ४,००,०००।- | |
| ५ | वडाभरिका सडक सोलिङ रोलिङ | रु. ४,००,०००।- | अंधेरीखोला मोहिवास सिंचाई | रु. ४,००,०००।- | वडा नं. ५ |

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा बैदेशिक रोजगार बोर्डको आर्थिक सहयोग, जिरी प्राविधिक शिक्षालयद्धारा संचालित एवं विगु गाउँपालिकाको माग बमोजिम मिति २०७८।०९।२३ गते देखि मिति

२०७८।१०।२२ गते सम्म भएको छोटो अवधिको सीप विकास तालिम अन्तर्गत इलेक्ट्रिकल तालिम चिनारी होटलमा भएको र उक्त तालिममा सहभागीहरुको खाना खाजा र वास खर्च रु. ३,२२,२००।- ( तिन लाख बाइस हजार दुई सय मात्र) सीप **विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धी खर्च** शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा आमा भुमरे छेपा भमरे आरोहणका लागि आवश्यक ३६ प्रकारका सामाग्रीहरु खरिद भएकोले उक्त सामाग्रीहरुको जम्मा रु. ४,९३,०१३।- (अक्षरेपी चार लाख त्रियानब्बे हजार तेह्र मात्र) भुक्तानी गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा विगु गाउँपालिकाको सडकहरुमा आकस्मिक पहिरो तथा अन्य कारणबाट बाटो अवरुद्ध हुदाँ सडक सुचारु गरेकोले उक्त कामका लागि भएको जम्मा खर्च रु. २,२२,०८०।- (दुई लाख बाईस हजार असी मात्र) चक्रेश्वर बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. लाई गाउँपालिकाभरीको सडक सरसफाई शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा विगु गाउँपालिकाको बा २ भ्ह ३३९० को बोलेरो सञ्चालनको लागि चालकको रुपमा निर बहादुर थामी (विगु ८ खोपाचागु) मिति २०७९ जेष्ठ २१ देखि मासिक ज्यालादारीमा नियुक्त गरी कामकाजमा खटाउने निर्णय गरियो ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३